उदयपुर सिमेण्ट उद्योग लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वातित्वमा स्थापित)

को

**प्रवन्ध-पत्र**

१. **कम्पनीको नामः-** यस कम्पनीको नाम उदयपुर सिमेण्ट उद्योग लिमिटेड रहनेछ । यसलाई अंग्रेजीमा Udaipur Cement Industries Limited (UCIL) भनिने छ ।

२. **कार्यालय तथा कारखाना स्थलः-**

क) यस कम्पनीको मुख्य कार्यालय सगरमाथा अंचल, उदयपुर जिल्लाको जलजलेमा रहने छ । यसको शाखा कार्यालयहरु आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न भागमा र सम्वन्धित विभागको स्विकृतिमा विदेशमा समेत राख्न सकिने छ ।

ख) यस कम्पनीको कारखाना स्थल सगरमाथा अन्चल उदयपर जिल्ला त्रियुगा न.पा. वार्ड नं. ११ जलजलले मा रहने छ ।

३. **उदेश्यहरुः-**

**कम्पनीका उदेश्यहरु निम्न वमोजिम हुने छन्ः-**

क) खानी तथा खनिजमा आधारित आधारभूत आयात प्रतिस्थापक तथा निर्यातमूलक सिमेण्ट उद्योगको स्थापना, संचालन, विकास तथा विस्तार गर्ने ।

ख) निर्माण सामग्री तथा अन्य विविध प्रयोगमा ल्याइने विभिन्न प्रकारका सिमेण्टको उत्पादन गर्ने, व्यापक वजार व्यवस्था गर्ने, राष्ट्रिय खांचोको परिपूर्ति गरि आत्म निर्भर वन्ने ।

ग) देशको औद्योगिक विकास, आर्थिक विकास तथा रोजगारि प्रदान गर्नमा सक्दो सहयोग पुऱ्याउने ।

४. **उपर्युक्त उदेश्यहरु प्राप्तीका लागि निम्न वमोजिमको कार्यहरु सम्पादन गरिने छन्ः-**

क) पोर्टत्याण्ड सिमेण्ट, हाइड्रो फोविक सिमेण्ट, लोहीट सिमेण्ट, ऱ्यापिड हार्डोनिङ्ग सिमेण्ट, पोजालामा सिमेण्ट, आइल वेल सिमेण्ट, एलुमिना सिमेण्ट, ह्वाइट एण्ड कलर सिमेण्ट र अन्य यस्तै प्रकारका विभिन्न किसिमका सिमेण्टहरुको उत्पादन गर्ने ।

ख) सिमेण्ट उत्पादन गर्न आवश्यक पर्ने खनिज कच्चा पदार्थहरु चुन ढुंगा, माटो, फलामको घाउ, भिराइट, जिप्सम, कोइला आदि र अन्य धातु तथा अधातु खानीहरुको खोजि गर्ने, पत्ता लगाउने, प्राप्त गर्ने वा, लिज वा भाडामा लिने, उपलव्ध गर्ने, उत्खनन गर्ने, संचालन गर्ने, प्रयोग गर्ने, प्रशोधन गर्ने, उत्पादन गर्ने समिश्रण गर्ने ।

ग) विभिन्न प्रकारका सिमेण्टहरुको फिनिसिङ्ग गर्ने, नाप तौल गर्ने, प्याकेजिंग गर्ने ।

घ) सिमेण्ट उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, केमिकल आदि स्वदेशमा बनाउने, उत्पादन गर्ने, तयार गर्ने, खरिद विक्री गर्ने वा आयात निर्यात गर्ने वा अन्य कुनै किसिमबाट सम्वन्धित उद्योगसंग सम्वन्ध राखी आवश्यक कारोवार गर्ने, संचय गर्ने, प्रयोग गर्ने ।

ङ) कम्पनीको उदेश्य पूर्तिको लागि आवश्यक तथा उपयुक्त देखिएका जग्गा, खरिद गर्ने, वन्दोवस्त गर्ने, प्राप्त गर्ने लिज वा भाडामा लिने, उपलब्ध गर्ने, सुधार गर्ने तथा अन्य आवश्यक व्यवस्था मिलाउने ।

च) कम्पनीको लागि आवश्यक पर्ने कारखाना भवन, कार्यालय भवन, प्रयोगशाला भवन, कर्मचारी तथा मजदुर आवास भवन, कम्पाउण्डवालको अतिरित्त अन्य आवश्यकीय भवनहरुको निर्माण गर्ने, खरिद गर्ने, लिज वा भांडामा लिने, उपलब्ध गर्ने प्रयोग गर्ने सुधार गर्ने, मर्मत गर्ने तथा अन्य आवश्यक प्रवन्ध मिलाउने ।

छ) कम्पनीको उदेश्य पूर्तिको लागि आवश्यक तथा उपयुक्त देखिएका यन्त्र, संयन्त्र तथा उपकरणहरु खरिद गर्ने, आयात गर्ने, लिज वा भाडामा लिने, उपलब्ध गर्ने, जडान गर्ने, मर्मत तथा संभार गर्ने, प्रयोग गर्ने, संचित गर्ने, भण्डार गर्ने ।

ज) कम्पनीको उदेश्य पूर्तिको लागि आवश्यक पर्ने विद्युत शक्ति, ग्यास, वाष्यशक्ति सौर्य शक्तिको प्रवन्ध गर्ने, उत्पादन गर्ने, उपयोग गर्ने, उपलब्ध गर्ने, सदुपयोग गर्ने तथा अन्य आवश्यक प्रवन्ध गर्ने ।

झ) कम्पनीको लागि आवश्यक पर्ने वाटो घाटो पुल, लिक, रोपवे, आदि तयार गर्ने खरिद गर्ने, उपलब्ध गर्ने, जडान गर्ने, प्रयोग गर्ने, उपभोग गर्ने वा सदुपयोग गर्ने व्यवस्था मिलाउने ।

य) कम्पनीको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले आवश्यक पर्ने कलपूर्जा, माल सामान आदिको उत्पादन तथा मर्मतको निमित्त वर्कशप खोल्ने, निर्माण गर्ने, विस्तार गर्ने तथा व्यवस्था
गर्ने ।

ट) उत्पादिन वस्तुको वजार व्यवस्थाको लागि स्वदेश वा विदेशमा समेत डिलर, डिष्ट्रिव्युटर, एजेण्ट तथा प्रतिनिधि मुकरर गर्ने, सेवा शुल्क तथा दलाली दस्तुर निर्धारण गर्ने, तिर्ने थपघट तथा परिवर्तन गर्ने ।

ठ) विदेशी कम्पनी, व्यक्ति वा निकायसंग कम्पनीको उत्पादन संग प्रत्यक्ष सम्वन्ध भएको विषय वारे उत्वादन सम्वन्धि पुरा ज्ञान र प्रक्रिया, वनाउने तरिका, प्राविधिक जानकारी, फर्मूला, अधिकार, सहुलियत र आर्थिक तथा प्राविधिक सहयोग, विशेष प्रवन्ध तथा विशेषज्ञको सेवा तथा सल्लाइ लिने, प्रविधि हस्तान्तरण गरी प्रयोग गर्ने ।

ड) कम्पनीको उत्पादनको क्रममा अन्य कुनै प्रकारको सहायक उत्पादन हुन सक्ने देखिएमा सो को समेत उत्पादन गर्ने, प्रयोग गर्ने, वजार व्यवस्था गर्ने ।

ढ) खानी वाट निकालीएका उत्पादनमा प्रयोग नहुने खालका चिज वस्तुहरुको सकेसम्म समुचित सुदपयोग गर्ने, व्यवस्था गर्ने ।

ण) कम्पनीको उत्पादन तथा ख्यातिलाई परिचीत एवमं जगेर्ना गर्न आवश्यकतानुसार पेटेण्ट डिजाइन तथा ट्रेडमार्कहरु दर्ता गरि प्रयोग गर्ने, नविकरण गर्ने, विज्ञापन आदि गरि परिचय गराउने ।

त) यस कम्पनीको उदेश्यसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले मेल खाने उदेश्य भएका अन्य कम्पनीहरुको शेयर, वण्ड, डिवेन्चर वा सिक्युरिटीहरु यस कम्पनीले उचित ठहऱ्याएको दर वा शर्तहरुमा खरिद गर्न वा अन्य कुनै प्रकारबाट प्राप्त गर्ने तथा कम्पनीको हक स्वामित्वमा रहेको यस्तो शेयर लगायतका सम्पत्तिहरु धितो राख्ने, विक्रि गर्ने वा यस्तै प्रकारले हक वा स्वामित्व परिवर्तन नेपाल सरकारको स्वीकृति लिई गर्ने वा गराउने ।

थ) कम्पनीको सम्वन्धमा तयार गरिएका विस्तृत परियोजना प्रतिवेदनहरुको अध्ययन गरी कम्पनीलाई फलदायि हुने देखिएमा सो को अनुशरण, पालन तथा कार्यान्वयन गर्ने ।

द) कम्पनीको हितको लागि विभिन्न प्रकारको प्रशिक्षण, सेमिनार, गोष्ठीको आयोजना गर्ने वा गराउने र यसता किसिमको आयोजनामा कम्पनीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी हुने वा गराउने ।

ध) कम्पनीको स्थापना, रजिष्ट्रेशन, प्रवर्द्धन, अध्ययन लगायत अन्य प्रारम्भिक खर्चको तथा कम्पनीको लागि रकम उठाउने सम्वन्धमा समेत कानून वमोजिम भुत्तानी गर्न सक्ने सवै खर्चहरु व्यहोर्ने ।

न) यस कम्पनीले निष्काशन गरेको वा नगरेको सुरक्षित वा असुरक्षित विभिन्न प्रकारका ऋृण तथा सेक्युरिटिहरुको सुरक्षण प्रदान गर्ने ।

प) राष्ट्रिय वा सार्वजनिक कार्यहरुमा उद्योगको कुनै सम्पत्ति लगाई वा नलगाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहभागी वन्ने वा सेवा प्रदान गर्ने ।

फ) उद्योगको सुरक्षाको लागि प्रचलित ऐन नियमको परिधि भित्र रही आवश्यक व्यवस्था मिलाउने ।

ब) कम्पनीको हितको लागि उपयुक्त देखिएमा कम्पनीको विस्तार, आधुनिकरण, सुधार तथा थप कार्य गरी उत्पादनमा वढावा दिने, अभिवृद्धि गर्ने ।

भ) प्रचलिन नेपाल कानून अन्तर्गत उद्योगले पाउन सक्ने सुविधा, सहुलियत, संरक्षण आदि प्राप्त गर्ने, उपलब्ध गर्ने, उपयोग गर्ने ।

म) कम्पनीबाट उत्पादित सिमेण्टको वजार र प्रवर्द्धन आदि आवश्यक व्यवस्था गर्ने, उत्पादित वस्तुको विक्रि वितरण आफैले वा अन्य कम्पनी, फर्म वा व्यक्ति मार्फत गर्ने गराउने ।

य) यस कम्पनीसंग समान उदेश्य भएका वा प्रत्यक्षरुपले यस कम्पनीलाई उपयोगि हुने व्यवसाय संचालन गरी रहेका कम्पनीको शेयर पूंजीमा लगानी गरी अन्य कुनै सहायक कम्पनी संचालन गर्ने ।

र) कम्पनीको उत्पादन सम्वन्धमा वैज्ञानिक तथा प्राविधिक अनुसन्धान र परीक्षणको लागि प्रयोगशाला तथा परिक्षण कार्यशाला स्थापना गर्ने, निर्माण गर्ने वा संचालन गर्ने वा सो कार्यको लागि आर्थिक सहायता दिने वा अनुसन्धान गराउने ।

ल) कम्पनीलाई प्रत्यक्ष सहयोग वा सहायता हुने भनी ठानिएको जुनसुकै अध्ययन, अनुसन्धान, सर्वेक्षण प्रशोधन, परिक्षण वा आविष्कारहरुलाई पुरस्कार दिने, पारिश्रमिक दिने वा अन्य तरिकाले प्रोत्साहन दिने वा दिलाउने ।

व) यस कम्पनीले उचित ठहऱ्याएको कार्यको लागि कम्पनीको चल अचल सम्पत्ति धितो राखी वा नराखि नेपाल सरकार वा विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय संघ, संस्था र ऋणदातृ संघ, संस्था वाट ऋण लिने वा ऋण उठाउने वा विभिन्न प्रकारका डिवेन्चरहरु निष्काशित गर्ने खरिद विक्री गर्ने, धितो वन्द राख्ने, फिर्ता लिने वा निखन्ने ।

स) कम्पनीको उदेश्य पूर्तिको लागि आवश्यक, फर्निचर, फिक्चर एण्ड फिटिंग सरसामान, सवारी साधन, कार्यालय सम्वन्धित मेशिन तथा उपकरणहरु, अन्य आवश्यक वस्तुहरु खरिद गर्ने, भाडामा लिने, प्राप्त गर्ने, प्रयोग गर्ने ।

ष) यस कम्पनीले उचित ठहऱ्याएको कुनै पनि शर्तमा वा जुनसुकै जमानतमा पनि व्यक्ति, कम्पनी, फर्म, समुह वा अन्य कुनै संस्थालाई ऋण दिने, तिर्ने, निखन्ने, फिर्ता गर्ने ।

श) यस कम्पनीको हित, स्वार्थ र प्रवर्द्धनको लागि नेपाल सरकारको स्वीकृति लिई द्विपक्षिय वा वहुपक्षिय संझौता गर्ने ।

ह) यस कम्पनीको पूंजी, शेयर वा डिवेन्चर र अन्य सेक्युरिटीहरु वेच्ने वा वेच्नमा पद्दत गर्ने, सेवा पुऱ्याउने वा जिम्मा लिने कुनै व्यक्ति, संस्था वा कम्पनीलाई सो काम लगाय वापत आवश्यक पारिश्रमिक वा कमिशन दिने ।

क्ष) यस कम्पनीको संचालनमा आवश्यक पर्ने कर्मचारी, मजदुरलाई कम्पनीले तोकेको शर्तमा नियुक्ति गर्ने, पदोन्नति गर्ने, दण्ड दिने, निलम्वन गर्ने, वर्खास्त गर्ने, तालिम दिने, पुरस्कृत गराउने, तलव भत्ता वा पारिश्रमिक दिने, उपदान दिने, दान पेन्सनको व्यवस्था मिलाउने, संचयकोष वा कत्याणकोषको प्रवन्धक गर्ने ।

त्र) कम्पनीको कर्मचारी वा भूतपूर्व कर्मचारी वा त्यस्ता कर्मचारीहरुमा आश्रित वा तिनिहरुसंग सम्वन्धित व्यक्तिको फाइदाको लागि कुनै कोष वा ट्रष्ट स्थापना गर्ने, सहयोग दिने ।

ज्ञ) स्थानिय, जिल्लास्तरीय, अंचलस्तरिय वा केन्द्रिय स्तरका कार्यालयसंग कम्पनीले प्राप्त गर्नु पर्ने देखिएका सवै प्रकारका अधिकार, अनुमति, सुविधा वा स्वीकृति प्राप्त गर्ने, उपयोग गर्ने र पालना गर्ने ।

अ) स्वदेशी वा स्वीकृति लिई विदेशी बैकहरुमा कम्पनीको नाममा खाताहरु खोल्ने, संचालन गर्ने, चेक, बिल अफ एक्सचेन्ज, प्रमिसरी नोट, सिक्योरिटीजहरु लेख्ने, वनाउने, मन्जुर गर्ने, सही गर्ने, साटने, भुत्तानी गर्ने, विक्रि गर्ने तथा आवश्यकतानुसार अन्य आर्थिक कारोवार गर्ने ।

आ) आवश्यकतानुसार ह्रास कोष, जगेडा कोष, उद्धार कोष, वीमा कोष, कल्याण कोष वा अन्य कुनै कोष वा विशेष कोष खडा गरी सो को समुचित प्रवन्ध गर्ने । कम्पनीको जगेडा तथा वचत रकमलाई उचित ठहऱ्याए वमोजिम लगनी गर्ने, कारोवार गर्ने ।

इ) यस कम्पनीलाई औद्योगिक, प्रशासनिक वा व्यापारिक परामर्श, सेवा सरसल्लाह, प्रविधि आदि उपलव्ध गराए वापत फर्म, संस्था, कम्पनी वा व्यक्ति विशेषलाई नगद वा सम्पत्तिको रुपमा पुरा वा आंशिक भुक्तन भएको वा नभएको शेयर, डिवेन्चर, पारिश्रमिक वा पुरस्कार दिने ।

ई) कम्पनीले उचित देखेको धार्मिक, सामाजिक संस्था वा व्यक्ति समुहलाई चन्दा दिने वा अन्य तरीकाले सहयोग गर्ने ।

उ) कम्पनीले आफैले सम्पादन गर्नु पर्ने कार्यको सन्दर्भमा नियम, विनियम वनाई लागु गर्ने ।

ऊ) कम्पनीले आफ्नु सुविधा अनुसार उपरोक्त कार्यहरु एकै साथ वा समय समयमा एक एक गरी सम्पादन गर्नुको साथै कुनै उदेश्य पूर्तिको लागि आवश्यक वा सहयोग हुने भनि कम्पनीले ठानेको सवै काम काज गर्ने गराउने ।

ए) कम्पनीको अचलन सम्पत्ति विक्री गर्दा वा कुनै पनि प्रकारको हक हस्तानतरण गर्दा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्ने ।

ऐ) कम्पनीको हितको लागि माथि लेखिएका कामहरुको अतिरिक्त नेपाल सरकार तथा अन्य सम्वन्धित निकायमा सम्पर्क राखि सम्बन्धित निकायको अनुमतिमा कम्पनीले गर्न अधिकार पाएका अन्य कामहरु समेत गर्ने ।

**५. दायित्व सिमितः-** कम्पनी ऐन २०२१ अन्तर्गत संस्थापित यो लिमिटेड कम्पनी हो ।

त्यसैले यसमाः-

क) शेयरवालाहरुको दायित्व निजहरुले लिन कवूल गरेको शेयरको अधिकतम हदसम्म मात्र रहने गरी दायित्व सिमित गरिएको छ ।

ख) कम्पनी ऐन २०२१ को दफा १३७ (क) अन्तर्गत नेपाल सरकारको पूर्ण स्वामित्व हुने गरी यसको संस्थापन गरिएकोले यसको शेयर जनसाधारणलाई विक्रीको निमित्त आव्हान गरिने छैन । तर जन साधारणमा शेयर विक्रीको निमित नेपाल सरकारबाट अनुपति प्राप्त भएमा प्रचलित नेपाल कानूनको अधिनमा रही शेयर विक्रीको लागि आव्हान गर्न सक्ने अधिकार कम्पनीलाई हुने छ ।

**६. पूंजीः-**

कम्पनी ऐनले निर्देश गरेका तौर तरिका, कार्यविधि र कार्य प्रक्रिया अपनाई सम्वन्धित विभागको स्वीकृतिमा शेयर पूंजी वढाउने, घटाउने, शेयरको मूल्य र किसिममा थपघट वा परिवर्तन गर्ने, टुक्राउने तथा विभाजन गर्न सक्ने अधिकार कम्पनीलाई हुने छ ।

**अन्यथा निर्णय नभएसम्मः-**

क) **अधिकृत पूंजीः-**

कम्पनीको अधिकृत पूंजी रु.४,००,००,००,०००/- (चार अरव) हुनेछ । प्रति शेयर रु. १००/- का दरले विभाजित गरि जम्मा ४,००,००,०००/- (चार करोड) साधारण शेयर हुने छ ।

ख) **जारी पूंजीः-**

अधिकृत पूंजी मध्ये हाललाई रु. ३०,००,००,०००/- को ३०,००,०००/- साधारण शेयर जारी गरिएको छ ।

ग) संचालन समितिले आवश्यतानुसार शेयर वापतको रकम चुक्ता भुक्तानी गराउने छ ।

हामी तपसिलमा नाम थर, वतन लेखिएकाहरुले यस प्रवन्धपत्रमा लेखिएको उदेश्य अनुरुप काम कारवाही गर्न मन्जुर गरी यसमा संगठित हुन आफ्नो नामको अगाडी लेखिए वमोजिमको शेयर लिन कबुल गरेका छौ ।

| सि.नं. | शेयर लिने नाम थप वतन | प्रत्येकको दस्तखत | लिएको शेयर संख्या | साक्षीको नाम थर वतन |
|---|---|---|---|---|
| | | | | |